२२३६/४३८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २७५/०७३/७४
निर्णय नं. ४३७

जिल्ला कास्की, पोखरा उ. म. न. पा.-१३ का शिक्षक षडानन्द गौतम समेत ........... २ } पुनरावेदक

**विरूद्ध**

**कार्यालय** प्रमुख, भद्रकाली उ. मा. बि., कास्की ........................................१ } विपक्षी
**सूचना** अधिकारी, भद्रकाली उ. मा. बि., कास्की ........................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला कास्की, पोखरा उ. म. न. पा.-१३ का शिक्षक षडानन्द गौतम समेतले भद्रकाली उ. मा. बि., कास्की समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०९।२९ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी भद्रकाली उ. मा. बि., कास्कीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. पुनराबेदकको शुरु नियुक्तीपत्र ।
२. सेवा प्रमाणित गरिएको पत्र ।
३. अनुदान शिक्षकको रुपमा नियुक्त गरिँदाको वि. व्य. समितिको निर्णय ।
४. विद्यालयले संकाय प्राथमिकता उल्लेख गरी जि. शि. कार्यालय कास्कीलाई लेखेको पत्रको प्रतिलिपि ।
५. विद्यालयले विज्ञान संकायको बिषय छनौट तथा विज्ञापन गर्नको लागि गरेको वि. व्य. समितिको निर्णय ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ १८ गते रोज ३ शुभम् ।